**October 15th, 2024, Tuesday**

**प्रमुख समाचार:**

1. निर्वाचन आयोगद्वारा आज महाराष्ट्र र झारखण्ड विधानसभा चुनावको कार्यतालिका सार्वजनिक
2. आर्टिफिसियल इन्टेलिजेन्सको नैतिक प्रयोग गर्न प्रधानमन्त्री श्री नरेन्द्र मोदीको आह्वान
3. सांघाई सहयोग संगठनको शिखर सम्मेलन आज इस्लामाबादमा सुरु हुँदै
4. डेनमार्क ओपन 2024 ब्याडमिन्टन प्रतियोगितामा PV सिन्धुले आज आफ्नो चुनौती प्रस्तुत गर्दै
5. अनि भारतकी सोनम मुस्कर ISSF विश्वकप शुटिङ् फाइनलमा महिलाको १० मिटर एयर राइफल इभेन्टमा रजत पदक जित्न सफल

**1. ECI Poll Schedule**

निर्वाचन आयोगले आज महाराष्ट्र र झारखण्ड विधानसभा चुनावको कार्यतालिका सार्वजनिक गरेको छ। महाराष्ट्र विधानसभा चुनावको लागि नोभेम्बर 20 मा एक ै चरणमा मतदान हुनेछ। झारखण्ड विधानसभा चुनाव नोभेम्बर 13 र 20 मा दुई चरणमा हुनेछ। दुवै राज्यमा मतगणना नोभेम्बर २३ मा हुनेछ। 288 सदस्यीय महाराष्ट्र विधानसभा चुनावको लागि अधिसूचना अक्टोबर 22 मा जारी गरिने छ। झारखण्डमा पहिलो चरणको निर्वाचनको अधिसूचना अक्टोबर १८ मा जारी हुनेछ। राज्यमा दोस्रो चरणको मतदानको लागि अक्टोबर २२ मा अधिसूचना जारी गरिनेछ। आयोगले अन्य विधानसभा र दुई लोकसभा सीटको उपचुनावको कार्यतालिका पनि घोषणा गरेको छ। नोभेम्बर १३ मा विभिन्न राज्यको ४७ विधानसभा सीट र वायनाड लोकसभा सीटका लागि उपचुनाव हुनेछ। उत्तराखण्डको एक विधानसभा सीट र महाराष्ट्रको नान्देड लोकसभा सीटको लागि नोभेम्बर 20 मा उपचुनाव हुँदैछ।

**2. Jharkhand BJP**

झारखण्ड विधानसभा चुनावका लागि उम्मेदवारको नाम तय गर्न भारतीय जनता पार्टीको केन्द्रीय निर्वाचन समितिको बैठक आज साँझ नयाँ दिल्लीमा बस्दैछ। यस बैठकमा पार्टी अध्यक्ष श्री जगत प्रकाश नड्डा र केन्द्रीय गृहमन्त्री श्री अमित शाह बाहेक, राज्य बीजेपी प्रभारी श्री बाबूलाल मरांडी पनि सहभागी हुन ु हुनेछ। झारखण्ड निर्वाचन सह-प्रभारी श्री हिमन्त विश्व शर्माले एनडीएको सिट बाँडफाँडको विषयमा बैठकमा छलफल हुने बताउनुभयो।

**3. PM ITU WTSA**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आर्टिफिसियल इन्टेलिजेन्सको नैतिक प्रयोग गर्न आह्वान गर्नुभएको छ। उहाँले कुनै पनि छलफलको मुख्य सारतत्व सुरक्षा, मर्यादा र समानता हुनुपर ्ने कुरामा जोड दिनुभएको छ। प्रधानमन्त्रीले डिजिटल टेक्नोलोजीका लागि विश्वव्यापी रूपरेखा स्थापना गर्न ुपर्ने महत्त्वलाई पनि दोहोऱ्याउनुभयो। आज नयाँ दिल्लीको भरत मण्डपममा अन्तर्राष्ट्रिय टेलिकम्युनिकेसन युनियन - आईटीयूको विश्व दूरसञ्चार सम्मेलनको उद्घाटन गर्दै प्रधानमन्त्री यस्तो भन्नुभएको हो।

**4. Prez - Algeria Visit**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुलाई अल्जेरियाको अल्जियर्सस्थित सिदी अब्देल्लाह युनिभर्सिटी अफ साइन्स एण्ड टेक्नोलोजीले आज राजनीति शास्त्रमा मानार्थ विद्यावारिधि उपाधि प्रदान गरेको छ । यस अवसरमा श्रीमती मुर्मुले यो डक्टरेट उपाधि आफ्नो देशको लागि सम्मान भएको बताउनुभयो। उहाँले भारत अनादिकालदेखि नै समृद्धि र शान्तिको पक्षमा रहेको बताउनुभयो । उहाँले शिक्षाले असमानता हटाएर सबैलाई समान अवसर प्रदान गर्ने बताउनुभयो । तीन दिने भ्रमणका क्रममा राष्ट्रपति श्रीमती मुर्मु अल्जेरियामा हुनुहुन्छ।

**5. Jaishankar – SCO**

विदेशमन्त्री डा एस. जयशंकर सांघाई सहयोग संगठन-एससीओ काउन्सिलको बैठकमा भाग लिन पाकिस्तानको दुई दिने भ्रमणमा आज दिउँसो इस्लामावाद पुग्नुभएको छ। एससीओको बैठक भोलि पाकिस्तानको अध्यक्षतामा बस्दैछ। यो वार्षिक बैठक हो जसमा व्यापार र आर्थिक मुद्दाहरू मुख्य एजेन्डा हुन्। बैठकमा भारतका तर्फबाट डा जयशंकरले प्रतिनिधित्व गर्नु हुनेछ । पछिल्लो नौ वर्षमा भारतीय विदेशमन्त्रीको यो पहिलो पाकिस्तान भ्रमण हो ।

**6. Pradhan – Excellence Centre**

केन्द्रीय शिक्षा मन्त्री श्री धर्मेन्द्र प्रधानले आज नयाँ दिल्लीमा स्वास्थ्य, कृषि र दिगो शहरहरूमा केन्द्रित तीनवटा आर्टिफिसियल इन्टेलिजेन्स सेन्टर अफ एक्सीलेन्स घोषणा गर्नुभएको छ। श्री प्रधानले यी केन्द्रहरूले अनुसन्धान, आविष्कार र अर्थतन्त्रको प्रवर्द्धन र जनकल्याणमा महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । यी केन्द्रहरू अखिल भारतीय आयुर्विज्ञान संस्थान, नयाँ दिल्ली, IIT रोपार र IIT कानपुरमा स्थापना हुनेछन्। श्री प्रधानले यो ऐतिहासिक निर्णयले आर्टिफिसियल इन्टेलिजेन्समा देशको स्थिति बलियो बनाउने बताउनुभयो । यी केन्द्र स्थापनाको घोषणा आर्थिक वर्ष २०२३-२४ को बजेटमा गरिएको थियो

**7. Sitaraman – America India Forum**

केन्द्रीय वित्त मन्त्री श्रीमती निर्मला सीतारमणले अमेरिका-भारत रणनीतिक साझेदारी मञ्चको भूमिकामा जोड दिनुभएको छ। उहाँले यस मञ्चले भारतमा उद्योग र लगानी बढाउनमा ठूलो भूमिका खेल्न सक्छ भन्नुभयो। बैठकमा श्रीमती सीतारमणले भारतको द्रुत आर्थिक वृद्धि, युवाहरूको महत्त्वपूर्ण भूमिका र बीमा, आवास, नवीकरणीय ऊर्जामा बढ्दो लगानीका अवसरहरूको बारेमा चर्चा गर्नुभयो। उहाँले भारतलाई व्यापारमैत्री गन्तव्य बनाउने सरकारको प्रतिबद्धतामाथि पनि प्रकाश पार्नुभयो।

8. **Om Birla - Geneva**

लोकसभा अध्यक्ष श्री ओम बिरलाले भारतीय प्रवासीलाई विविधता र समावेशीताको मूल्यले परिभाषित गरेको बताउनुभएको छ। श्री बिरला जेनेभामा १४९ औं अन्तर संसदीय संघमा भारतीय संसदीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै हुनुहुन्छ। हिजो भारतीय प्रवासीलाई सम्बोधन गर्दै लोकसभा अध्यक्षले भारतीय प्रवासीको सीप, प्रतिभा र प्रतिबद्धताको प्रशंसा गर्नुभयो।

9. **J & K Govt Formation**

जम्मू-कश्मीरमा नेशनल कन्फ्रेन्सका नेता श्री उमर अब्दुमल्लाले मुख्यमन्त्रीको सपथ लिनु हुनेछ। सपथ ग्रहण समारोह भोलि श्रीनगरमा हुनेछ।

10. **Haryana Govt. Formation**

यहाँ, हरियाणाको नयाँ सरकारको सपथ ग्रहण समारोह अक्टोबर 17, बिहीबार पञ्चकुलामा हुनेछ। समारोहमा प्रधानमन्त्री श्री नरेन्द्र मोदी पनि सहभागी हुनु हुनेछ।

11. **APJ Abdul Kalam – Birth Anniversay**

राष्ट्रले आज पूर्वराष्ट्रपति डा. एपीजे अब्दुल कलामलाई उहाँको जन्मजयन्तीमा श्रद्धा सुमन अर्पण गरिरहेको छ। डा. एपीजे अब्दुल कलामको कामको लागि भारतमा उहाँलाई 'मिसाइल म्यान' भनेर चिनिन्छ। संयुक्त राष्ट्रसंघले उहाँको ८९औँ जन्मदिनलाई विश्व विद्यार्थी दिवसका रूपमा मनाउने घोषणा गरेको थियो

12. **PM - Kalam**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पूर्व राष्ट्रपति डा. एपीजे अब्दुल कलामलाई उहाँको जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पण गर्नुभएको छ। एक सामाजिक सञ्जाल पोस्टमा, श्री मोदीले पूर्व राष्ट्रपतिको सोच र दृष्टिकोणले देशलाई विकसित भारतको लक्ष्य हासिल गर्न मद्दत गर्ने बताउनुभएको छ।

13. **ISSF Shooting**

भारतीय शूटर सोनम उत्जम मस्करले दिल्लीमा जारी ISSF विश्वकप २०२४ मा महिला १० मिटर एयर राइफल इभेन्टमा रजत पदक जितेकी छिन्। २२ वर्षीय मस्कर फाइनलमा २५२.९ अंकका साथ दोस्रो स्थानमा रहिन्। चीनकी युएटिङ ह्वाङ्गाङले स्वर्ण जितिन् भने फ्रान्सकी शूटर ओसियान मुल्नरले कास्य पदक जितिन्।

**14. Denmark Open Badminton**

डेनमार्क ओपन 2024 ब्याडमिन्टन प्रतियोगितामा, दुई पटक ओलम्पिक पदक विजेता रहेकी भारतकी पीवी सिन्धुले आज साँझ महिला एकलको उद्घाटन चरणमा चाइनिज ताइपेकी पाई यु पोसँग आफ्नो खेल खेल्नेछिन्। यसैबीच पुरुष एकलतर्फ भारतका लक्ष्य सेन चीनका लु गुआङ जुसँग पराजित भएका छन्।

प्रमुख समाचार पुन: एकपटक

1. निर्वाचन आयोगद्वारा आज महाराष्ट्र र झारखण्ड विधानसभा चुनावको कार्यतालिका सार्वजनिक
2. आर्टिफिसियल इन्टेलिजेन्सको नैतिक प्रयोग गर्न प्रधानमन्त्री श्री नरेन्द्र मोदीको आह्वान
3. सांघाई सहयोग संगठनको शिखर सम्मेलन आज इस्लामाबादमा सुरु हुँदै
4. डेनमार्क ओपन 2024 ब्याडमिन्टन प्रतियोगितामा PV सिन्धुले आज आफ्नो चुनौती प्रस्तुत गर्दै
5. अनि भारतकी सोनम मुस्कर ISSF विश्वकप शुटिङ् फाइनलमा महिलाको १० मिटर एयर राइफल इभेन्टमा रजत पदक जित्न सफल